# आर्थिक वर्ष ०८२/०८३ को बजेट वक्तब्य

माण्डवी गाउँपालिका

**माण्डवी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**जस्पुर, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**
**मितिः २०८२ असार १०**

**गाउँ सभाका अध्यक्ष महोदय**,

**गाउँ सभाका सदस्य ज्युहरु**,

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु**,

माण्डवी गाउँपालिकाको सम्मानित गाउँसभाको अठारौँ अधिवेशनमा माण्डवी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक तथा उपाध्यक्षको हैसियतले वजेट वक्तव्य पेश गर्न पाउँदा धेरै नै हर्सित छु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि प्राण आहुति गर्ने शहिदप्रति श्रद्धासुमन अर्पण गर्दछु। साथै, आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुहुने माण्डवी वासी आम दिदीबहिनी दाजुभाइहरूमा हार्दिक आभार प्रकट गर्दछु।

संघीय शासन व्यवस्थाको सुदृढीकरण र सन्तुलित आर्थिक विकासबाट मात्र नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुन सक्दछ। गाउँपालिका आर्थिक समृद्धिको मार्ग पहिल्याउन हरसम्भव प्रयत्नशील रहँदै आएको छ। गाउँपालिकाको राजस्व परिचालन न्यून भएको र पुँजीगत खर्चको प्रगति समेत सन्तोषजनक नरहेकोले हाम्रो सामु चुनौती देखा परेको छ। उल्लेखित चुनौतीको सम्बोधन गरी माण्डवीवासीको विकासको आकांक्षा पूरा गर्न बजेट केन्द्रित गरेको छु।

हाल देखापरेको आर्थिक चुनौतीको सामना सामूहिक प्रयासबाट गर्न सकिने हुँदा यस तर्फ आम माण्डवीवासीलाई म हार्दिक आह्वान गर्न चाहन्छु। आगामी आर्थिक वर्षको बजेट प्रदेशको सबलीकरण, सन्तुलित आर्थिक विकास र माण्डवीवासीको समुन्नतिको आधार निर्माणको कोशेढुङ्गाको रूपमा रहने विश्वास गरेको छु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, नेपाल सरकारको सोह्रौँ आवधिक योजना, नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, लुम्विनी प्रदेश सरकारको आवधिक योजना माण्डवी गाउँपालिकाको आवधिक योजना लगायतलाई लिएको छु। आम नागरिक, राजनीतिक दल, विद्वतवर्ग, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु।

जनताका आधारभुत आवश्यकता पुरा गर्नु पर्ने दायित्व, निर्वाचनका क्रममा व्यक्त गरिएका प्रतिवद्धता तथा घोषणालाई कार्यान्वयन गर्नुपर्ने अबस्था, जनताका अधिक अपेक्षा र त्यसलाई पुरा गर्न चाहिने स्रोत साधनको सिमितताका विचमा यस सम्मानित गाउँ सभा समक्ष आगामी आर्थिक बर्ष २०८२।०८३ को बजेट वक्तव्य प्रस्तुत गर्न उपस्थित भएको छु।

जनताको विचमा गरिएको प्रतिवद्धताबाट विचलित नभई पदीय दायित्वको दुरुपयोग नगरी स्थानीय तहको विकास र समृद्धिमा सदैव लाग्ने प्रण गर्दछु । जनतालाई केन्द्रविन्दुमा राखेर जनमुखी कार्यक्रम र आयोजना हाम्रा प्राथमिकता हुनेछन् । कुनै पक्षपात नगरी सन्तुलित र समावेसी विकासले मात्रै समग्र गाउँपालिकाको विकास हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै सम्पुर्ण क्षेत्र,वर्ग र समुदायलाई बार्षिक वजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्नेछौँ।

**गाउँ सभा अध्यक्षज्यू,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको छ । यी तीनवटै तहले नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानुन बमोजिम प्रयोग गर्दै आएका छन । संविधानको अनुसुची ८ मा स्थानीय तहको एकल अधिकार उल्लेख भएका छन् र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुने ब्यवस्था रहेको छ । स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानुन बनाउने बार्षिक बजेट बनाउने, र त्यसको कार्यन्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

स्थानिय स्तरबाट आयोजनाहरुको छनौट गरि ति आयोजनाहरुको सफल कार्यान्वयन समेत स्थानीय जनताबाट गरी उपलब्धीहरुको न्यायोचित वितरण मार्फत सामाजिक न्याय र समानता कायम गर्न तर्फ हाम्रो सरकारको अग्रसरता हुनेछ । आर्थिक उपलब्धीको न्यायोचित वितरण, समावेशी तथा सन्तुलित विकास, सामाजिक न्याय र समानता सहितको समाजबाद उन्मुख अर्थतन्त्र निर्माण गरि वेरोजगार ,गरिवी विभेद र असमानताको अन्त्य गर्न सदैव तत्पर रहने छौँ।

आ.व. २०८१।०८२ का लागि आन्तरिक आम्दानी कर १ करोड १० लाख उठाउने लक्ष्य लिएकोमा गाउँपालिकाले लक्ष्य अनुसार आन्तरिक आम्दानी उठाउन सक्ने देखिएको छैन । वजेट कार्यान्वयनको अवस्थालाई हेर्दा शसर्त अन्तर्गतका धैरै क्रियाकलाप सम्पन्न हुन गइहेका छन् भने वित्तिय समानिकरण र राजश्व बाडँफाडबाट विनियोजन भएको चालु र पुँजीगत रकम आजको दिन सम्म करिव ६८.७७ प्रतिशत खर्च भएको छ । जसमा चालु तर्फ ७५.१४ प्रतिशत र पुँजीगत तर्फ ५५.६३ प्रतिशत खर्च भएको छ ।

**गाउँसभा अध्यक्षज्यू**

अव म गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८२।०८३ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छुः

आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटको उद्देश्यहरु निम्न अनुसार रहेका छन ।

क. कृषि र पशुपालनको क्षेत्रमा विविधिकरण, आधुनिकिकरण, व्यावसायीकरण, गरी उत्पादन र उपादकत्व वृद्धि गर्न यस क्षेत्रमा युवाहरुको परिचालन मार्फत उत्पादन र उपादकत्व वृद्धि गरी रोजगारी सृजना गर्नु ।

ख. भौतिक पुर्वाधारहरुको विकास गर्नु, नयाँ पर्यटकीय क्षेत्रहरु पहिचान गर्नुका साथै गाउँपालिकाकाले पहिचान गरि कार्य आरम्भ गरेका पर्यटकीय क्षेत्रहरुको विकास गरी पर्यटकीय क्षेत्रको रुपमा पालिकालाई विकास गर्नु।

ग. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, सरसफाई तथा पोषण लगायत क्षेत्रको विकास गरी मानव विकासको स्तरमा सुधार गर्नु।

घ. विभेदरहित र समतामुलक समाजको परिकल्पनालाई साकार पार्न लैंगिक समानता तथा सामाजिक समावेशिकरणको विकास गर्नु।

ङ. जनतालाई सेवा प्रवाहमा उच्चतम प्रविधिको प्रयोग गर्दै छिटो छरितो र भरपर्दो सेवाप्रवाह गर्दै सुशासनको प्रत्याभुति गर्नु।

च. आर्थिक सामाजिक उत्थानशील अर्थतन्त्र विकास गर्ने,

छ. जलवायु परिवर्तन अनुकुलनका क्रियाकलाप सञ्चालन गर्नु।

ज. दिगो विकास लक्ष्य पूरा गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौटमा प्राथमिकता दिनु।

झ. स्थानिय श्रोत साधनको अधिकतम परिचालन मार्फत गरिवी निवारण, रोजगारी सृजना गरी दिगो,समावेशी र उच्च दरको आर्थिक वृद्धि गर्नु।

ञ. आर्थिक, भौतिक तथा सामाजिक संरचनामा गुणात्मक सुधार गर्दै गाउँपालिकाको समृद्धि हासिल गर्न सहयोग पुऱ्याउने,

**बजेटको उद्देश्यहरु परिपुर्ति गर्न देहायका विषयहरुलाई प्राथमिकता दिईएको छ।**

क. कृषि र पशुपालनको क्षेत्रमा विविधिकरण, आधुनिकिकरण, व्यावसायीकरण, गरी उत्पादन र उपादकत्व वृद्धि गर्न यस क्षेत्रमा युवाहरुको परिचालन मार्फत उत्पादन र उपादकत्व वृद्धि गर्ने क्रियाकलाप सञ्चालन गरी रोजगारी सृजना गर्ने।

ख. सुरक्षित र दिगो सडक पूर्वाधार निर्माण र स्तरोन्नति गर्ने, व्यवस्थित आवास र भवन निर्माण गर्ने, सिँचाई सुविधा पुर्ननिर्माण तथा विस्तार गर्ने र वडागत रूपमा खेलकुदका पूर्वाधारहरू निर्माणलाई सुरुवात गर्ने। निर्माणाधीन ठुला भौतिक पूर्वाधारका आयोजनाहरू सम्पन्न गर्ने,

ग. समतामुलक र विभेदरहित समाज निर्माण गर्न महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने क्रियाकलाप सञ्चालन गर्ने,

घ. लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने,

ङ. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने,

माण्डवी गाउँपालिका

च. गाउँपालिका भित्रका सांस्कृतिक धरोहरको संरक्षण र प्रवर्द्धन गर्दै धार्मिक, सांस्कृतिक, ऐतिहासिक, साहसिक र मनोरञ्जनात्मक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने

छ. संस्थागत विकास,सुशासन र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता गराउने,

ज. वन संरक्षण, वृक्षारोपण,जलाधार संरक्षण, मुहान संरक्षण मार्फत दिगो विकासमा योगदान पुग्ने,

झ. सूचना तथा संचार प्रविधिको विकास र प्रयोगमा जोड दिने ।

**आ.व. ०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिईएको छ, ।**

१. नेपालको संविधान

२. स्थानीय सरकार संचालन ऐन, २०७४

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

५. नेपाल सरकारको आवधिक विकास योजना

६. गाउँपालिकामा उपलब्ध स्रोत साधन

७. विकासका अन्तरसम्बन्धित विषयहरु

८. गाउँपालिकाको विकासको विधमान अवस्था र मानव विकासको सुचकाङ्क

९. स्थानीय जनताका आकांक्षा र आवश्यकता

१०. गाउँपालिकाको आवधिक योजना

११.संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन,

१२. संघीय तथा प्रदेशका नीति तथा कार्यक्रम तथा वार्षिक वजेट

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन वमोजिम संघ र प्रदेश सरकारवाट बजेट सिमा प्राप्त ,स्थानीय राजश्व परामर्श समितिको प्रतिबेदन स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिमा निर्धारण तथा मार्गदर्शन, बस्ती तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत आयोजनाको प्राथमिकीकरण गरी गाउँ कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत पश्चात आज यस सम्मानित गाउँ सभामा आर्थिक वर्ष २०८२।०८३ को वजेट प्रस्तुत गरेको छु ।

अब म उल्लिखित विकासका विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको प्रस्तावित प्रमुख कार्यक्रम तथा आयोजनाहरू र सोका लागि विनियोजित प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभा अध्यक्ष ज्यू,**



माण्डवी गाउँपालिका

अब म आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको बजेट प्रस्ताव गर्न अनुमति चाहान्छु । आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाको सार्वजनिक सेवा र विकास निर्माण कार्यहरूका लागि **४२ करोड ७६ लाख १५ हजार ९ सय रुपैयाँ बजेट विनियोजनको प्रस्ताव गर्दछु ।**

१) अव यिनै उद्देश्य ,प्राथमिकता र नीतिको परिधिमा रही आर्थिक वर्ष २०८२।०८३ को बजेट र मुख्य कार्यक्रमका बारेमा म यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु । सर्वप्रथम विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । **आगामी आर्थिक बर्षका लागि कूल रकम ४२ करोड ७६ लाख १५ हजार ९ सय रुपैयाँ विनियोजन गरेको छु ।** जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरणमा रु. ७ करोड ७४ लाख, सशर्त अनुदान चालु तर्फ रु. १७ करोड ८४ लाख तथा शसर्त अनुदान पुँजीगत तर्फ रु ६९ लाख प्राप्त हुन आएको छ। संघीय सरकारको राजश्व बाँडफाँडबाट रु. ७ करोड ८० लाख प्राप्त भएको छ। संघीय सरकारबाट विशेष अनुदान तर्फ रु ६९ लाख तथा समपुरक अनुदान तर्फ रु १ करोड ५ लाख प्राप्त भएको छ। प्रदेश सरकारबाट वित्तीय समानीकरणमा रु.५० लाख १५ हजार तथा सशर्त अनुदान पुँजिगत तर्फ रु. ७० लाख, समपुरक अनुदानतर्फ ७५ लाख प्राप्त हुने अनुमान गरेको छु । प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. ७७ लाख ५५ हजार प्राप्त हुन आएको छ । माण्डवी गाउँपालिकाको आन्तरिक आयतर्फ आ.व. २०८२/०८३ मा रु ९७ लाख उठ्ने अनुमान गरेको छु । यस आ.व.को अनुमानित अल्या. रकम रु ३ करोड ७४ लाख ४५ हजार ९ सय रुपैयाँलाई समतेलाई यो बजेटमा समावेश गरेको छु।

२) नेपाल सरकार र प्रदेश सरकारको सशर्त अनुदान बापत प्राप्त कूल रकम रु.१८ करोड ५४ लाख संघीय सरकार र प्रदेश सरकारबाट नै कार्यक्रमगत रुपमा विभाजन भई आएको छ । जसमा शिक्षा अन्तर्गत साविकमा सञ्चालित सबैका लागि शिक्षा आधारभुत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब भत्ता) र बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका कार्यक्रम, विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान त्यसैगरी स्वास्थ्य अन्तर्गत प्राथमिक स्वास्थ्य सेवा, स्वास्थ्य सँस्थाहरुको सञ्चालन खर्च तथा स्वास्थ्यकर्मीको तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, एकिकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य,महामारी तथा रोग नियन्त्रण कार्यक्रम, कृषि विकास र पशु विकास अन्तर्गतको कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम गर्न आवश्यक वजेट विनियोजन गरिएको छु। बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि एकमुष्ट रु १० लाख , गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि रु १० लाख ,झोलङ्गे पुल निर्माणका लागि १२ लाख ,प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ३३ लाख, पंजिकरण शाखाका लागि रु ५ लाख विनियोजन भई कार्यक्रम सहित वजेट प्राप्त भएको छ । त्यसैगरी प्रदेश सरकारको सशर्त

अनुदानमा विभिन्न आयोजनाका लागि रु ७० लाख प्राप्त भएको छ। ति आयोजनाहरुलाई सोही शिर्षकमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।

**१. आर्थिक विकासः**

कृषि, पर्यटन, सहकारी,उद्योग क्षेत्रका समग्र विकासले मात्र दीगो, सन्तुलित समावेशी विकास सम्भव छ। आर्थिक विकासका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु।

**कृषिः**

कृषि क्षेत्र गाउँपालिकाको रोजगारी र आयको महत्वपुर्ण क्षेत्र हो। कृषिको व्यबसायिकरण,यान्त्रीकरण र विविधिकरण विना कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुन सक्दैन । कृषिमा आधुनिक औजारहरुको प्रयोग,विउ,मल र सिँचाइको प्रबन्ध राम्रो हुनुपर्दछ। उत्पादित कृषि उपजको सहज र सरल ढंगले कृषकको लागत मुल्य र श्रम नघट्ने गरि वजारीकरणको व्यबस्था हुनु पर्दछ। कृषकहरुले सामुहिक खेति प्रणालीलाई अवलम्बन गर्ने वाताबरण स्थानीय सरकारले तयार गरि दिनुपर्दछ। यसै सन्दर्भमा आव. २०८२।०८३ मा गाउँपालिकाले कृषि क्षेत्रका लागि अनुमानित रु ४८ लाख विनियोजन गरेको छु। कृषि क्षेत्रमा गई अध्ययन गरी प्राप्त भएको प्रतिवेदनका आधारमा कृषिजन्य बालीको उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि आवश्यक वजेट बिनियोजन गरेको छु।

**पशु विकासः**

बाख्रापालन ,भैँसीपालन बंगुरपालन तथा कुखुरापालनको दृष्टिकोणले माण्डवी गाउँपालिका सम्भावित स्थान हो। व्यबसायिक बाख्रा पकेट कार्यक्रम,व्यबसायिक भैँसी पकेट कार्यक्रम,घासको विउ उत्पादन कार्य,मासु पसल सुधार,दुध संकलन तथा वितरणका लागि डेरी उद्योगको स्थापना र संचालन ,पशु उपचार तथा पशुमा लाग्ने रोगको निवारणका लागि आवश्यक औषधिको व्यवस्थापनका लागि एकमुष्ट रु २९ लाख ५० हजार विनियोजन गरेको छु। भने पशुपालन गर्ने किसानको जोखिम न्युनीकरण र पशुको क्षतिबाट भएको हानीबाट बचाउन पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ।

**२. सामाजिक विकासः**

सामाजिक विकास क्षेत्रहरु शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रवर्धन, खेलकूद तथा मनोरञ्जन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकासका आयामहरुलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक वजेटको व्यबस्था गरेको छु।

**शिक्षाः**

- गाउँपालिकामा भएका आधारभुत विद्यालय सम्मको शिक्षालाई पुर्ण रुपमा निशुल्क वनाउने गाउँपालिकाको नीति गाउँपालिकाले राखेका शिक्षकको तलव सुविधाका लागि विद्यालयलाई शैक्षिक संस्था गुणस्तर तथा सुदृढीकरण अनुदान रु ३ करोड ३५ लाख १९ हजार ९ सय रकम छुट्टाएको छु ।

शैक्षिक गुणस्तर सुधार, शिक्षकहरुको क्षमता अभिवृद्धि, प्रविधिमैत्री विद्यालय स्थापना, विद्यालय प्र .अ.प्रोत्साहान भत्ता, स्थानीय पाठ्य सन्दर्भ साम्रगी कक्षा १सम्म निर्माण ८), छपाई तथा वितरण, विद्यालय अतिरिक्त क्रियाकलाप संचालन, विद्यालय परिक्षा शुल्क अनुदान,शैक्षिक क्यालेण्डर तथा शिक्षक डायरी प्रकाशन लगायतका कार्यका लागि बजेट सुनिश्चित गरेको छु । विद्यालयमा अध्ययन गरिरहेका आर्थिक श्रोत साधन न्युन भएका, पढाइलाई समेत निरन्तरता दिन नसक्ने विद्यार्थीलाई विद्यालयमै आयआर्जन गर्ने गरि पढ्दै कमाउदै भन्ने मान्यताका साथ आयआर्जन गर्ने गरि आर्थिक सहायता दिइने व्यवस्था गरेको छु ।

**स्वास्थ्यः**

१. स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनका लागि संघीय सरकारबाट प्राप्त शर्सत अनुदान रकमलाई सोहि शिर्षकहरुमा खर्च गर्ने तथा वित्तिय समानिकरण अनुदान शिर्षकबाट प्राप्त रकमबाट समेत औषधि खरिद, बर्थिङ सेन्टर सुदृढिकरण, महिला स्वास्थ्य स्वंयम सेविकालाई प्रोत्साहन रकम, मोबाईल हेल्थ कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, संस्थागत सुत्केरी टेवा कार्यक्रम,आरोग्य स्वास्थ्य केन्द्रको सुदृढिकरण,स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती र जेष्ठ नागरिकलाई उपचारमा निशुल्क एम्बुलेन्स सेवा ,जेष्ठ नागरीक आँखा जाँच लगायतका कार्यक्रमका लागि एकमुष्ट रु. ८१ लाख ७४ हजार विनियोजन गरेको छु ।

**खानेपानीः**

१. खानेपानीको चरम अभाव भएका गाउँपालिकाका वस्तिहरुमा खानेपानी विस्तार गर्न संघीय सरकार,प्रदेस सरकारसँग समन्वय गरिनेछ । खानेपानीका संरचना निर्माण गर्दा पानीको उपलब्धताका आधारमा एक घर एक धारा कार्यक्रम लागु गरिनेछ, स्वच्छ खानेपानीको सुनिश्चिताका लागि आवश्यक पर्ने श्रोतको व्यवस्थापन गरिनेछ, अधुरा खानेपानी आयोजनाहरु सम्पन्न गरिनेछ । रम्दीवेशी लिफ्ट खानेपानी अधुरो योजना निर्माणका लागि ४ लाख वजेट बिनियोजन गरेको छु ।

२. नेपाल सरकारको विशेष अनुदानबाट आ.व ०८२/०८३ को लागि माडी नदि अरङखोला दक्सुनेपेदी मुक्चौर देखि माडि दोभान सम्म नदि नियन्त्रण योजनामा रु ६९ लाख विनियोजन भई प्राप्त भएको छ । साथै उक्त योजनाको कार्य यसै वर्ष सम्पन्न हुने गरी सञ्चालन गरिनेछ ।

३. यस गाउँपालिकामा संचालित लिफ्ट खानेपानीका आयोजनाबाट खानेपानी खाइरहेका नागरिकले विद्युत महशुल अत्याधिक तिर्नु परेको छ त्यसलाई राहत दिनका लागि लिफ्ट खानेपानीको न्युनतम महशुल गाउँपालिकाले तिर्ने गरी वजेटको व्यवस्थालाई निरन्तरता दिएको छु । खानेपानीको गुणस्तर परीक्षण गर्ने, खानेपानीको मुहान संरक्षण गर्नका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

४. प्रदेश र संघीय सरकारबाट संचालित खानेपानीका आयोजनाको नियमित अनुगमन गरि समयमै कार्यसम्पन्न गर्नलाई निर्देशन दिइनेछ ।

**महिला, वालवालिका तथा अपाङ्गः**

१. सामाजिक न्याय र समावेशीकरणलाई उच्च प्राथमिकता दिँदै विपन्न र पिछडिएका सबै महिलालाई समाजको मुलधारमा ल्याउन, निर्णय प्रक्रियामा महत्वपूर्ण भुमिका खेल्नका लागि सिप तथा उद्यमशिलता विकास कार्यक्रम, बालविवाह न्युनीकरण, बाल सञ्जाल र बाल क्लब गठन, विद्यालय जाने अपाङ, असहाय विद्यार्थीहरुलाई सहायता, दृष्टिविहिन वालबालिकाहरुको अध्ययन अध्यापन निशुल्क, जेष्ठ नागरिक मञ्च गठन तथा सम्मान कार्यक्रम, विद्यालयमा जेष्ठ नागरिकको अनुभव र ज्ञान हस्तान्तरण,जेष्ठ नागरिक निशुल्क आँखा जाच र उपचार कार्यक्रम, दीर्घरोगी सहायता कोष, महिला आश्रय सेवा केन्द्र व्यवस्थापन,न्यायिक समितिको सुदृढिकरण,दलित लक्षित विशेष कार्यक्रमका लागि एकमुष्ट करिव रु. २६ लाख ५० हजार विनियोजन गरेको छु ।

२. जिल्ला शान्ति समितिबाट प्रमाणित जनयुद्ध तथा लोकतन्त्र प्राप्तिका लागि शहिद भएका परिवारलाई मासिक रु २००० भत्ता दिइने कार्यलाई निरन्तरता दिईनेछ । घाइतेलाई जीविकोपार्जनका लागि शिप विकास तालिम सञ्चालन गर्न आवश्यक रकम छुट्टाएको छु ।

३. सामाजिक न्याय र समानता विनाको विकास दिगो हुँदैन । गाउँपालिकाको पछाडी परेको वर्ग समुदाय लक्षित कार्यक्रम संचालनका लागि गाउँपालिकामा पछाडी परेका दलितहरुलाई लक्षित कार्यक्रम संचालन आवश्यक बजेट छुट्याएको छु ।

**३. पुर्वाधार विकासः**

भौतिक पुर्वाधार विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई मध्य नजरमा राखी पूर्वाधार विकासका उपक्षेत्रहरु जस्तै सडक, सिचाई, भवन तथा शहरी विकासका लागि आवश्यक वजेटको व्यबस्था गरेको छु ।

**सडकः**

१. नयाँगाउँ र्याले देखि धनचौर जोड्ने मोटरबाटो निर्माण आयोजनालाई प्रदेश समपुरक अनुदान सहित रु ७० लाख वजेट विनियोजित भई आएकोमा रु ७० लाख विनियोजन गरेको छु । प्रदेश सरकार विशेष अनुदान अन्तर्गत यज्ञश्वरी आधारभूत विद्यालय निर्माण योजना माण्डवी ४ को लागि आयोजनाको लागि रु २० लाख प्राप्त भएको छ । प्रदेश अनुदान सशर्त अनुदान तर्फ निम्न योजनाहरु परेको छन । ति योजनाहरु यसै वर्ष सम्पन्न गरिनेछ ।

- थक्लेनी वजार हुँदै गाउँ जोड्ने सडक निर्माण योजना १ — १० लाख

- जस्पुर बेसी धनचौर सडक माण्डवी ३ र ४ १० लाख
- बुकेडाँडा डुङडुङ्गे बागेश्वरी मावि जोड्ने सडक स्तरन्नोती माण्डवी ५ १० लाख
- मार्सिवाङ लिफ्ट खा पा माण्डवी ३ १० लाख
- बेलीपोखरी डाँडा हुँदै पाङवाङ सडक माण्डवी २ १० लाख
- झाङबाङ खोला भित्र पापखोलमा सिचाई योजना माण्डवी २ १० लाख
- ढिकावन बगैचादेखि साउनेपानी खोला भन्ज्याङ खोला सडक संरक्षण माण्डवी २ १० लाख

२. नयाँगाउँ आँपचौर उदयपुरकोट जोड्ने बाटो स्तरन्नोती आयोजना नेपाल सरकार समेतको समपुरक अनुदान सहित रु १ करोड ५ लाख प्राप्त भएको छ। कार्यालयबाट ७० लाख बजेट विनियोजन गरि यसै बर्ष देखि कार्य प्रारम्भ गरिनेछ।

३. आपचौर धनचौर उदयपुरकोट सडक स्तरन्तोती प्रदेश समपुरक योजनालाई रु ७५ लाख परेकोमा गाउँपालिकाबाट थप ७५ लाख विनियोजन गरेको छु।

४. गाउपालिकाका सडकहरु सरसफाइको लागि रु ३० लाख बजेट विनियोजन गरेको छु।

**भवन तथा शहरी विकासः**

- लामाचौर देखि मार्सिवाङ खेलकुद मैदान जाने बाटो स्तरन्नोती वहुवर्षिय योजनाका लागि ३० लाख, दोबाटा रातापनी मुर्कुटी सडक स्तरन्नोती वहुवर्षिया योजना ३० लाख, डाम्रीखोला गणेश मा वि रातापानी हुँदै मुर्कुटी जोड्ने बाटो स्तरोन्नती योजनाका लागि २५ लाख लगायतका योजनाहरुमा आवश्यक वजेट विनियोजन गरेको छु।

**पर्यटनः**

१. थानकोट पर्यटकीय क्षेत्र, विरेलेख पर्यटकीय क्षेत्र,बाघपाइला, छयाकुरे छहरा झरना, र मार्सिबाङ हिल पार्क तथा पिकनिक स्पोर्ट पर्यटकिय क्षेत्रको विकासका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक श्रोतको व्यबस्था गर्दै लगिनेछ। उदयपुरकोट दरवारको राष्ट्रियस्तर ईतिहास विषयक वृहत गोष्ठी कार्यक्रमका लागि ८ लाख बिनियोजन गरेको छु ।

**उर्जा विकासः**

१. माण्डवी गाउँबासिले मासिक रुपमा तिर्नु पर्ने विद्युत महुशुलको न्युनतम २० युनिटसम्म मात्र खपत गर्ने ग्राहकको विद्युत महशुल गाउँपालिकाले छुट दिने गाउँपालिकाको नीति तथा कार्यक्रम भएकाले त्यसका लागि लाग्ने अनुमानित रकम रु १५ लाख विनियोजन गरेको छु।

**४. वन वातावरण तथा विपत व्यवस्थापनः**

सामुदायिक वनहरुसँग अन्तरक्रिया, वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण,सामुदायिक वनमा पर्यापर्यटन पर्वद्धनमा ध्यान दिइनेछ। जनसंख्याको बढ्दो चाप र अव्यवस्थित सहरीकरणबाट उत्पन्न भएको फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाको ट्याक्टर तयारी अबस्थामा राखिने छ। माण्डवी गाउँपालिकामा आउन सक्ने प्रकोप तथा बिपद्हरुलाई समेत ध्यानमा राखी विपद् व्यबस्थापन कोषका लागि एकमुष्ट रकम रु १५ लाख विनियोजन गरेको छु । फोहोर मैला व्यवस्थापन र डम्विङ साईट व्यवस्थापनका लागि आवश्यक वजेट बिनियोजन गरेको छु। माण्डवी गाउँपालिका वडा नं १, २ र ४ को पहिरो प्रभावित नागरिकलाई गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी अनुदान प्रदान गर्न रु ५० लाख प्रस्ताव गरेको छु ।

**५. सुशासन, संस्थागत विकास तथा सेवा प्रवाहः**

१. सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनै प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुणस्तरीयता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, आर्थिक पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ।

२. सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै गुणस्तरीय र भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम तथा प्रविधिको व्यवस्थापन र कर्मचारी प्रोत्साहन तथा पुरस्कार लागि रकम विनियोजन गरेको छु।

३. सुचना तथा संचार प्रविधि व्यवस्थापन, पत्रपत्रिका छपाई र सूचना प्रकाशन र प्रशारण, अभिलेख व्यवस्थापन, पञ्जिकरण व्यवस्थापन, मानव संसाधन विकासका लागि आवश्यक पर्ने रकमका विनियोजन गरेको छु।

**पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमाः**

१. यस गाउँपालिका अन्तर्गत अस्थायी, करार सेवा र सेवा करारमा कार्यरत सामाजिक सुरक्षा कार्यक्रममा समेत समावेश गरी कर्मचारीहरुलाई निरन्तरता दिइएको छ। गाउँपालिकाको समग्र सुरक्षा व्यवस्थालाई मध्यनजर गर्दै गाउँ प्रहरीलाई निरन्तरता दिइनेछ। गाउँपालिकालाई सूचना प्रविधि मैत्रि वनाउन सक्षम जनशक्तिको निरन्तरताका लागि सुचना प्रविधि अधिकृतलाइ गाउँपालिकाले समपुरक रकमको सुनिश्चित गरि करार निरन्तरता दिइनेछ ।एम आइ एस अपरेटरका लागि ६ महिना बराबरको

रकम गाउँपालिकाबाट व्यहोर्ने गरी रकमको सुनिश्चितता गरेको छ । रोजगार सहायकलाई गाउँपालिकाबाट तलव भत्ता व्यहोर्ने गरी श्रोत सुनिश्चित गरेको छ ।

२. माण्डवी गाउँपालिकाका गाउँ कार्यपालिका, गाउँ सभा तथा वडा समितिका पदाधिकारीहरुका लागि सेवा र सुविधा प्रदेश कानुन वमोजिम प्राप्त हुने गरी आन्तरिक श्रोतको उपलब्धता समेतलाई ध्यान दिदै आवश्यक वजेटको व्यवस्था मिलाएको छ ।

**अब म आगामी आ.व. मा विनियोजन गरिएका अन्य क्षेत्रहरुको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

१. गाउँपालिकामा क्रियाशिल विभिन्न पक्षहरुको सहकार्य र समन्वयमा विविध कार्यक्रम संचालन गरिने छ । गाउँपालिकाबाट सञ्चालन हुने लगायत अन्य संघ संस्थाहरुका कार्यक्रमहरु अब यस गाउँपालिकाको निर्णय र समन्वय अनुसार सञ्चालन हुनेछन् ।

२. अध्यक्ष कप खेलकूद कार्यक्रम तथा राष्ट्रपति खेलकुद कार्यक्रमका लागि आवश्यक वजेट बिनियोजन गरेको छु ।

३. प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा समेत लागत साझेदारी गरि निर्माण सम्बन्धि कार्यमा न्युन भएको निर्माण सामाग्रिको व्यबस्थापन गर्न रु २४ लाख ७२ हजार साझेदारीका लागि बजेट छुट्याइएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई मिसन रोजगारीः दीगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन अभियान संग जोडी कार्यान्वयन गरिनेछ ।

४. निर्माण ब्यवसायीलाई ठेक्का लिएका सम्पुर्ण आयोजनाहरुलाई समयमै सम्पन्न गर्नेका लागि श्रोतको अभाव हुन नदिन संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

५. सार्वजनिक सेवा प्रवाहलाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सुशासन कायम गर्न राम्रो र असल कार्य गर्ने कर्मचारीहरुलाई चौमासिक रुपमा प्रोत्साहन गर्ने कार्यक्रमको ब्यवस्था मिलाएको छु ।

६. यो बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले बिनियोजन गर्दै लगिनेछ ।

७. माण्डवी गाउँपालिका गाउँ सभाको १८ औं वजेट अधिवेशनबाट स्वीकृत हुने आर्थिक वर्ष २०८२/०८३ को बजेट अनुसार कार्यक्रम कार्यान्वयन गर्दा कार्यान्वयन गर्न असम्भव भएको तथा बजेट घटवढ भई कार्यक्रम संसोधन गर्नु पर्ने कार्यक्रम संसोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

८. हाल यो बजेटको सिलिङमा नपरेका अन्य योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत र विभिन्न बिषयगत कार्यालयहरुबाट पछि प्राप्त हुने स्रोत अनुसार प्राथमिकताको

आधारमा बजेट बिनियोजन गर्दै लगिनेछ भने ठूला प्रकृतिका आयोजना कार्यक्रमहरुलाई प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष स्रोत सुनिश्चितताका लागि अनुरोध गरिने छ।

९. करदाता तथा आम नागरिकका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ , जनतामा कर तिर्ने बानीको विकास गराइ आन्तरिक आय बढाउने लक्ष्य रहेको छ । यसको लागि जनतामा चेतना अभिवृद्धि गर्दै सूचना तथा प्रचार प्रसार गरि स्वयं करदातालाई नै जागरुक गराउने प्रणालीको विकास गरिनेछ । साथै निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै सूचना प्रविधिको प्रयोग मार्फत सक्रिय रुपमा लागिने छ।

१०. दिगो रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर मिसन रोजगारीः " सञ्चालन "अभियान -दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धनगरिनेछ । गाउँपालिकाबाट सञ्चालन गरिरहेका कार्यक्रमलाई एकीकृत गर्न तथा स्थानीय आवश्यकता अनुसार रोजगारी सिर्जना र उद्यमशीलताका नवीन कार्यक्रम संचालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संग जोडी 'मिसन रोजगारी अभियानका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११. श्रम बजारको माग, उपलब्ध स्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन गरी ६ महिनाभित्र गाउँ" रोजगारी रणनीतिनिर्माण गरिनेछ । गाउँपालिकाभित्र रोजगारीको क्षेत्रमा रहेका अवसर तथा " सम्भावनाको पहिचान, समस्याहरूको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरूको विकास गर्न तथा दिगो रोजगारी विकासका लागि स्पष्ट नीतिगत र संरचनागत व्यवस्था गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२. उद्यमशीलता विकास, लघु तथा घरेलु उद्योग विकासको लागी स्थानीय स्रोत, सीप र सन्दर्भअनुकूल लघु तथा घरेलु उद्योग, स्टार्टअप र नवप्रवर्तनशील उद्यमलाई प्रवर्द्धन गर्न व्यवसायको संवर्धन र उद्यमहरूको द्रुतीकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच, बजार विस्तार र आम्दानी वृद्धि गरिनेछ। गाउँ नगरपालिकाभित्रको रोजगारीको अवस्था, श्रमिकको अवस्था माग र आपूर्ति, स्थानीय, आन्तरिकविदेश-वाह्य स्वदेशी- श्रमिकको तथ्याङ्क सङ्कलन, श्रम योग्य जनशक्तिको सीप तथा क्षमता नक्सांकन, स्थानीय श्रोत तथा साधनको नक्साङ्कन गरिनेछ। उद्यमीलाई सहजीकरण तथा श्रम शक्ति र रोजगारदातालाई समन्वय गर्न रोजगार तथा उद्यम सेवा केन्द्र संचालन सिप तथा रोजगार मेला सञ्चालनको गरिनेछ। यसका लागि रकम वजेट विनियोजन गरेको छु।

१३. स्थानीय तथा राष्ट्रिय आवश्यकता र श्रम वजारको माग अनुसारको रोजगारमूलक सिप विकास तालिम, अनौपचारिक क्षेत्रका अनुभवयुक्त तर प्रमाणपत्र नभएका श्रमिकहरूको सीपको औपचारिक मान्यता प्रदान गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।

१४. समग्रमा एकमुष्ट रुपमा तपसिलका विषयगत शाखा, वडा कार्यालय तथा कार्यक्रम तथा योजनाहरुमा निम्म रकम विनियोजन गरेको छु।

| क्र स | विषयगत शाखा/ वडा कार्यालय/ | बजेट रकम रु | |
|---|---|---|---|
| १ | महिला बालबालिका तथा समाज कल्याण ईकाई | २६५०००० | |
| २ | स्वास्थ्य शाखा | ८१७४००० | |
| ३ | कृषि विकास शाखा | ४८००००० | |
| ४ | पशु सेवा शाखा | २९५०००० | |
| ५ | लघु उद्यम विकास शाखा | ४००००० | |
| ६ | पोषण शाखा | ८३०००० | |
| ७ | वन बातावरण तथा विपद व्यवस्थापन शाखा | २७५०००० | |
| ८ | शिक्षा युवा तथा खेलकुद शाखा | ३३५१९९०० | |
| ९ | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ३०२००० | |
| १० | रोजगार सेवा केन्द्र समपुरक प्रत्येक वडामा | १५००००० | |
| ११ | रोजगार आयोजना सञ्चालन गर्न शत प्रतिसत रकम साझेदारी | २४७२००० | |
| १२ | सवै वडामा योजना तथा कार्यक्रम लागि | २४४१५००० | |
| १३ | रम्दीवेशी लिफ्ट खानेपानी अधुरो योजना निर्माण | ४००००० | |
| १४ | उदयपुरकोट दरबार संरक्षणको अधुरो भवन निर्माण योजना | ८००००० | |
| १५ | बागिश्वरी मा वि घेरावार योजना | ५००००० | |
| १६ | लामाचौर देखि मार्सिवाङ खेलकुद मैदान जाने बाटो स्तरन्नोती वहुवर्षिया योजना | ३०००००० | |
| १७ | दोबाटा रातापनी मुर्कुटी सडक स्तरन्नोती वहुवर्षिया योजना | ३०००००० | |
| १८ | डाम्रीखोला गणेश मा वि रातापानी हुँदै मुर्कुटी जोड्ने बाटो स्तरोन्नती | २५००००० | |



माण्डवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| १९ | कोन्द्राचौर ढिकावन आँपचौर मुकचौर सडक स्तरोन्नती | १५००००० | |
| २० | सडक मर्मत संभार | ३०००००० | |
| २१ | उदयपुरकोट दरवारको राष्ट्रियस्तर ईतिहास विषयक वृहत गोष्ठी कार्यक्रम | ८००००० | |
| २२ | गाउँपालिका परिसरमा लाईब्रेरी स्थापना र सञ्चालन | ५००००० | |
| २३ | २० युनिट सम्मको विद्युत महसुल | १५००००० | |
| २४ | लिफ्ट तथा अन्य खानेपानी मर्मत सम्भार तथा सञ्चालन | २०००००० | |
| २५ | कार्यालय तथा सडक सोलार तथा व्याकअप मर्मत संभार | १०००००० | |
| २६ | जिल्ला शान्ति समितिबाट प्रमाणित भएका शहिद | ४००००० | |
| २७ | समपुरक प्रदेश र संघ | १४५००००० | |
| २८ | कोन्द्राचौर वगुवा खुक्लीखोला फलामे ट्रस पुल निर्माण वडा नं १ र २ | ४००००० | |
| ३० | जनतासंग स्थानीय सरकार कार्यक्रम | ९०००००० | |
| २९ | कृष्ण आ वि घेरावार योजना माण्डवी ३ | ३००००० | |
| ३० | मेला महोत्सव व्यवस्थापन खर्च | ५००००० | |

**अन्त्यमा**,

प्रस्तुत बजेटले गाउँपालिकाको सबलीकरण र सेवा प्रवाहमा सुधार भई गाउँपालिकाको सुशासन प्रवर्द्धनमा उल्लेखनीय सुधार हुने अपेक्षा गरेको छु । गाउँपालिकाको भौतिक पूर्वाधार विकासबाट विभिन्न क्षेत्रहरूबीचको अन्तरआवद्धता थप मजबुत हुने, गाउँपालिकावासीहरू बिच सामूहिक भावना र सहकार्यात्मक संस्कृतिको विकास हुने र गाउँपालिकाको आर्थिक जग समेत मजबुत हुनेछ । कृषि क्षेत्रमा गरिएको लगानी विस्तारले कृषिजन्य उद्योगको विकास मार्फत थप रोजगारी सिर्जना हुने र गाउँपालिकाको खाद्य सुरक्षा र आत्मनिर्भरता कायम गर्नमा योगदान दिनेमा म विश्वस्त छु । पर्यटन क्षेत्र र औद्योगिक

विकासबाट प्रदेशको मौलिक सीप, कला, संस्कृतिको जगेर्ना सहित थप रोजगारी सिर्जना र आय परिचालन हुनेछ । सामाजिक क्षेत्रमा गरिएको लगानीबाट सीपयुक्त र क्षमतावान जनशक्तिको आपूर्ति भई गाउँपालिकाको समृद्धि र समावेशी आर्थिक विकासको आधार निर्माण हुने अपेक्षा गरेको छ।

बजेटको कार्यान्वयनबाट शिक्षाको क्षेत्रमा निजि शिक्षकको समस्या समाधान भई गुणस्तरिय शिक्षा प्राप्तिको आधार तय हुनेछ । अस्पताल तथा स्वास्थ्य चौकिको निर्माणबाट स्थानीय तहमै गुणस्तरिय स्वास्थ्य सेवा गाउँबासिले पाएका हुनेछन् । चालु आर्थिक वर्षमा शुरु गरिएका क्रमागत अधुरा आयोजनाहरु सम्पन्न हुनेछन्, गाउँपालिकाका प्रमुख पर्यटकीय क्षेत्रको विकास विस्तार मार्फत पालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकसित भएको हुनेछ।

मेरो कार्यकालको चौथो वजेट वक्तव्य उपाध्यक्षको हैसियतले यो गरिमामय सम्मानित सभामा उल्लेखित आयोजना तथा ति आयोजना कार्यान्वयनका लागि लाग्ने अनुमानित वजेटका सम्बन्धमा संक्षेपमा प्रस्तुत गरिसकेको छु। सिमित श्रोतसाधनका विच जनताका असिमित विकासका चाहनाका पुरा गर्नु पर्ने चुनौती हाम्रा माझ छर्लङ्ग छन। जनतालाई प्रत्यक्ष अनुभुती हुने गरी विकास योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आजको आवश्यकता हो। तसर्थ यसको सफल कार्यन्वयनमा यहाँहरु सबैको सहभागिता, सल्लाह, सुझाव र मार्गदर्शनको अपेक्षा गर्दछु। माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तर्जुमा कार्यमा महत्त्वपूर्ण पृष्ठपोषणको भूमिका निर्वाह गर्नुहुने यस गाउँपालिकाका अध्यक्ष ज्यू, सम्पूर्ण सभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत समस्त कर्मचारीहरु परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**पुर्ण प्रसाद कालाथोकी**
**उपाध्यक्ष**
**माण्डवी गाउँपालिका, जस्पुर प्युठान।**
**मितिः २०८२/०३/१०**

माण्डवी गाउँपालिका

माण्डवी गाउँपालिका